# नेपाल विद्युत प्राधिकरण
## उत्पादन निर्देशनालय
## मझौला उत्पादन संचालन तथा संभार विभाग
## दरवारमार्ग, काठमाण्डौ

# लिलाम बिक्रीको बोलपत्रसम्बन्धी कागजात

| | |
|---|---|
| बोलपत्र आह्वानको नाम | **सुनकोशी जलविद्युत केन्द्रको जिर्ण अवस्थामा रहेका फलामजन्य तथा अन्य टुटफुट/बेकम्मा रहेका कवाडी सामानहरुको लिलाम बिक्री सम्बन्धमा** |
| बोलपत्र आह्वानको संकेत नम्बर | **NEA-GEN-2082/83-AUC-01** |
| बोलपत्र प्रथम पटक प्रकाशित मिति | **२०८२/०९/१८ (EGP PORTAL मा मिति २०८२।०९।२०)** |
| बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय | **२०८२/१०/२० दिनको १२:०० बजे** |
| बोलपत्र खोल्ने मिति र समय | **२०८२/१०/२० दिनको १४:०० बजे** |

**२०८२ पौष**

**नेपाल विद्युत प्राधिकरण**
**उत्पादन निर्देशनालय**
**मझौला उत्पादन संचालन तथा संभार विभाग**
**दरवारमार्ग, काठमाण्डौ**

| | |
|---|---|
| बोलपत्र आह्वानको नाम | **सुनकोशी जलविद्युत केन्द्रको जिर्ण अवस्थामा रहेका फलामजन्य तथा अन्य टुटफुट/बेकम्मा रहेका कवाडी सामानहरुको लिलाम बिक्री सम्बन्धमा** |
| बोलपत्र आह्वानको संकेत नम्बर | **NEA-GEN-2082/83-AUC-01** |

**विषय-सूची**

**लिलाम बिक्रीको लागि बोलपत्र आह्वानको सूचना**

**खण्ड १** : **बोलपत्रदातालाई निर्देशन**

**खण्ड २** : **ग्राह्यतासम्बन्धी सर्तहरू**

**खण्ड ३** : **बोलपत्रसम्बन्धी फारामहरू**

**खण्ड ४** : **मूल्य परिमाण सूचीको प्रस्तावना र अन्य सर्तहरू तथा मूल्य परिमाण सूची** (Bill of Quantities)

**खण्ड ५** : **निवेदन (हरू) को ढाँचा ।**

**नेपाल विद्युत प्राधिकरण**
**उत्पादन निर्देशनालय**
**मझौला उत्पादन संचालन तथा संभार विभाग**
**दरवारमार्ग, काठमाण्डौ ।**

## लिलाम बिक्रीको लागि बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः- २०८२/०९/१८ गते (EGP PORTAL मा मिति २०८२।०९।२०)**

**लिलामकर्ताको नामः- ने.वि.प्रा. मझौला उत्पादन संचालन तथा संभार विभाग दरवारमार्ग, काठमाण्डौ ।**

**बोलपत्र आह्वानको नामः- सुनकोशी जलविद्युत केन्द्रको जिर्ण अवस्थामा रहेका फलामजन्य तथा अन्य टुटफुट/बेकम्मा रहेका कवाडी सामानहरुको लिलाम बिक्री सम्बन्धमा**

१. यस विभाग अन्तर्गतका वागमति प्रादेशमा अवस्थित सुनकोशी जलविद्युत केन्द्र , सिन्धुपाल्चोकमा जिर्ण अवस्थामा रहेका फलामजन्य तथा अन्य तथा टुटफुट/बेकम्मा रहेका विविध कवाडीजन्य सामानहरू जे जस्तो अवस्थामा छन् सोही अवस्थामा तौलेर बोलपत्रबाट लिलाम बिक्रीको लागि निम्न प्याकेजमा **ने.वि.प्रा. मझौला उत्पादन संचालन तथा संभार विभाग दरवारमार्ग, काठमाडौं** बोलपत्र आह्वान गर्दछ।

| सि.नं. | बोलपत्र आह्वानको संकेत नं. | लिलाम गरिने सामानहरूको विवरण | न्यूनतम मूल्य (मूल्य अभिवृद्धि कर बाहेक ) |
|---|---|---|---|
| १ | **NEA-GEN-2082/83-AUC-01** | **सुनकोशी जलविद्युत केन्द्रको जिर्ण अवस्थामा रहेका फलामजन्य तथा अन्य टुटफुट/बेकम्मा रहेका कवाडी सामानहरुको लिलाम बिक्री सम्बन्धमा** | ने.रु. २,१९,७९,४८५/६४ (अक्षरुपी: दुई करोड उन्नाईस लाख उनासी हजार चार सय पचासी रूपैयाँ र पैसा चौसठ्ठी मात्र) |

२. बोलपत्र पेश गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनी (यसपछि ‘बोलपत्रदाता’ भनिएको) ले बोलपत्र फाराम सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाईट www.bolpatra.gov.np/egp वाट डाउनलोड गर्न सक्नेछन। सहभागी हुन इच्छुक बोलपत्रदाताले पछी फिर्ता नहुने गरी रु.१,५००/- मात्र ने.वि.प्रा. उत्पादन निर्देशनालयको, NEA Generation Directorate Self को नाममा रहेको Nabil Bank Limited, Teen Dhara Branch, Kathmandu, Nepal स्थित खाता नं 00201017505714 मा दाखिला गर्नुपर्नेछ र सो नगद जम्मा गरेको सक्कल भौचर बोलपत्रसाथ पेश (अपलोड) गर्नुपर्नेछ।

३. बोलपत्र फाराम मिति **२०८२/१०/२०** गते भित्र (सो दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन) दिउँसो **१२:००** बजे भित्रमा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाईट www.bolpatra.gov.np/egp मा अपलोड (दर्ता) गर्नुपर्नेछ। वोलपत्र e-bidding माध्यमबाट मात्र पेश गर्नुपर्नेछ। रितपुर्वक दर्ता भएको बोलपत्रहरु सोही दिन दिउँसो १४:०० बजे सम्बन्धित बोलपत्रदाताहरुको रोहवरमा (उपस्थित नभए पनि ) नेपाल विद्युत प्राधिकरण, उत्पादन निर्देशनालय, मझौला उत्पादन संचालन तथा सम्भार विभागमा खोलिनेछ । एक बोलपत्रदाताको एकजना मात्र प्रतिनिधिलाई उपस्थितिको लागि अनुमति दिन सकिनेछ र त्यस्तो प्रतिनिधि आफ्नो परिचयपत्र र/वा आधिकारिक पत्रसहित आउनुपर्नेछ । प्राप्त बोलपत्रहरूको मूल्याङ्कन बोलपत्रसम्बन्धी कागजातमा संलग्न “बोलपत्रदातालाई निर्देशन” अनुसार गरिनेछ। बोलपत्रदाताले बोलपत्रका साथ **कबोल अंकको कम्तिमा दस प्रतिसत** रकम बराबरको बैंक जमानत अनिवार्य रूपमा पेश गर्नुपर्नेछ। सो बैंक जमानतको मान्य अवधि बोलपत्र दर्ता गर्ने अन्तिम दिनपछि कम्तीमा १५० (एक सय पचास) दिनको हुनुपर्नेछ। बोलपत्रदाताले जमानत बापत नगदै राख्न चाहेमा ने.वि.प्रा. उत्पादन निर्देशनालयको, NEA Generation

Directorate Self को नाममा रहेको Nabil Bank Limited, Teen Dhara Branch, Kathmandu, Nepal स्थित खाता नं 00201017505714 मा त्यस्तो नगद रकम जम्मा गर्न सक्नेछ र सो नगद जम्मा गरेको सक्कल भौचर बोलपत्रसाथ पेश (अपलोड) गर्नुपर्नेछ।

४. बोलपत्रदाताले मूल्य परिमाण सूची (Bill of Quantity) मा रहेका सबै आइटमहरूमा दर (Rate) भर्नुपर्नेछ। बोलपत्रदाताले कुनै सानातिना छुट गरेमा वा कुनै सानातिना आइटमको दर (Rate) उल्लेख गर्न छुटाएमा (बोलपत्रमा Minor Omissions or Missing Items भएको अवस्थामा) , त्यस्तो बोलपत्रको उक्त Item को दर (Rate) सहभागी अन्य बोलपत्रदाताले उक्त item को लागि कबोल गरेको दर मध्य उच्च दर (Rate) को बराबर मानिनेछ | यदी एकमात्र बोलपत्रदाता सहभागी भएमा र निजले दर (Rate) उल्लेख गर्न छुटाएको Item को हकमा ने.वि.प्रा को स्वीकृत लागत अनुमानमा भएको उक्त item को दर (Rate) लाई नै कायम गरिनेछ। सानातिना छुटको मूल्य बोलपत्रदाताको कबोल अंकको पन्ध्र प्रतिशत भन्दा बढी भएमा त्यस्तो बोलपत्र सारभुत रुपमा अप्रभावग्राही भएको मानिनेछ र त्यस्तो बोलपत्रलाई मूल्यांकनमा समावेश गरिने छैन।

५. **लिलामकर्ताको अनुमानित परिमाणका आधारमा तय गरिएको न्यूनतम मूल्यभन्दा बढी मूल्य कबोल गर्नेहरूमध्ये सबैभन्दा बढी मूल्य कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिनेछ।** स्वीकृत भएको बोलपत्रदाताले कबोल गरेको सम्पूर्ण रकम १५ दिनभित्र तोकिएको बैंक खातामा जम्मा गरी कार्यादेश दिएको मितिबाट ९० दिन भित्र सम्पूर्ण सामान उठाइसक्नुपर्नेछ।

६. बोलपत्र स्वीकृत हुनुअघि कुनै पनि समयमा कारण खुलाई वा नखुलाई कुनै पनि बोलपत्र स्वीकार वा अस्वीकार गर्ने वा बोलपत्रको प्रक्रिया रद्द गर्ने वा सम्पूर्ण बोलपत्र अस्वीकार गर्ने अधिकार लिलामकर्तामा निहित रहनेछ। यसरी रद्द वा अस्वीकार गरेको कारणले बोलपत्रदाताप्रति लिलामकर्ताको कुनै दायित्व सिर्जना हुने छैन।

७. बोलपत्र तयारी तथा लिलामी प्रक्रियामा सहभागी हुनुपूर्व वागमति प्रादेशमा अवस्थित सुनकोशी जलविद्युत केन्द्र , सिन्धुपाल्चोकमा लिलाम गरिन राखिएका कवाडी सामानहरूको जानकारी प्राप्त गर्न बोलपत्रदाताले आफ्नै खर्च, जिम्मेवारी र जोखिममा स्थलगत निरीक्षण गर्न सक्नेछ। सो को लागि बोलपत्रदाताले सम्बन्धित जलविद्युत केन्द्रको कार्यालयमा सम्पर्क गरी दिनको १०:०० बजेदेखि १६:०० बजे सम्म निरीक्षण गर्न सक्नेछ।
अवस्थित सुनकोशी जलविद्युत केन्द्र , सिन्धुपाल्चोकको सम्पर्क नं. – ९८५१२०८२५७ / ९८४८१०५८७३

८. **यस सूचनामा उल्लेख नभएका कुनै प्रावधान आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र सो अन्तर्गत बनेको नियमावली तथा नेपाल विद्युत प्राधिकरणको आर्थिक प्रशासन विनियमावली, २०६८ (संशोधनसहित) बमोजिम हुनेछ।**

## संक्षिप्ताक्षर (Abbreviations)

| | |
|---|---|
| kg | Kilo Gram |
| no | Number |
| PAN | Permanent Account Number |
| ton | Ton |
| ने. वि. प्रा | नेपाल विद्युत प्राधिकरण |
| मू.अ.क. | मूल्य अभिवृद्धि कर |

# बोलपत्रदातालाई निर्देशन

| | |
|---|---|
| **१. संक्षिप्त विवरणहरू** | १.१ तपसिलमा उल्लेख गरिएको लिलामकर्ता लिलाम गरिने सामानहरूको विवरण अनुसार लिलाम बिक्रीको लागि अनलाईन बोलपत्र आह्वान गर्दछ । लिलामकर्ताको नाम, बोलपत्र आह्वानको नाम, बोलपत्र आह्वानको संकेत नम्बर तथा लिलाम गरिने सामानहरूको संक्षिप्त विवरण निम्नानुसार रहेका छन्:<br><br>**लिलामकर्ताको नाम:- ने.वि.प्रा. मझौला उत्पादन संचालन तथा संभार विभाग दरवारमार्ग, काठमाण्डौ ।**<br>**बोलपत्र आव्हानको नाम**:- सुनकोशी जलविद्युत केन्द्रको जिर्ण अवस्थामा रहेका फलामजन्य तथा अन्य टुटफुट/बेकम्मा रहेका कवाडी सामानहरुको लिलाम बिक्री सम्बन्धमा<br>**बोलपत्र आव्हानको संकेत नम्बर**:- **NEA-GEN-2082/83-AUC-01**<br>**लिलामी गरिने सामानहरूको संक्षिप्त विवरण**:-<br><br>**सुनकोशी जलविद्युत केन्द्रको जिर्ण अवस्थामा रहेका फलामजन्य तथा अन्य टुटफुट/बेकम्मा रहेका कवाडी सामानहरुको लिलाम बिक्री सम्बन्धमा** |
| **२. एक बोलपत्र एक बोलपत्रदाता (One Bid One Bidder)**<br><br>**र संयुक्त उपक्रममा साझेदारहरूको अधिकतम संख्या** | २.१ एक व्यक्ति, फर्म, संस्था वा कम्पनी (बोलपत्रदाता) ले एकल वा संयुक्त उपक्रमको रूपमा एउटा मात्र बोलपत्र पेश गर्न पाउनेछ । कुनै बोलपत्रदाता एकभन्दा बढी बोलपत्रमा संलग्न भएको अवस्थामा त्यसरी संलग्न भएका सबै बोलपत्रहरू मान्य हुने छैनन् र अस्वीकृत गरिनेछन्<br><br>२.२ संयुक्त उपक्रम (Joint Venture) मा साझेदारहरूको संख्या व्यक्तिको हकमा अधिकतम ५ (पाँच) जनासम्म र फर्म, संस्था वा कम्पनीको हकमा अधिकतम ३ (तीन) वटाभन्दा बढी हुनु हुनेछैन । |
| **३ बोलपत्रको खर्च (Cost of Bidding)** | ३.१ बोलपत्र तयार तथा पेश गर्दा लाग्ने सम्पूर्ण खर्चहरू बोलपत्रदाताले नै बेहोर्नुपर्नेछ । कुनै पनि अवस्थामा लिलामकर्ताले यस्ता खर्चहरू व्यहोर्ने छैन । |
| **४ स्थलगत निरीक्षण (Site Visit)** | ४.१ ७.बोलपत्र तयारी तथा लिलामी प्रक्रियामा सहभागी हुनुपूर्व वागमति प्रादेशमा अवस्थित सुनकोशी जलविद्युत केन्द्र , सिन्धुपाल्चोकमा लिलाम गरिन राखिएका कवाडी सामानहरूको जानकारी प्राप्त गर्न बोलपत्रदाताले आफ्नै खर्च, जिम्मेवारी र जोखिममा स्थलगत निरीक्षण गर्न सक्नेछ । सो को लागि बोलपत्रदाताले सम्बन्धित जलविद्युत केन्द्रको कार्यालयमा सम्पर्क गरी दिनको १०:०० बजेदेखि १६:०० बजे सम्म निरीक्षण गर्न सक्नेछ ।<br>सुनकोशी जलविद्युत केन्द्र , सिन्धुपाल्चोकको सम्पर्क नं. – ०११-४८२०२१ / ९८५१२०८२५७<br><br>४.२ बोलपत्र दाखिला गर्नु अघि बोलपत्रदाताले लिलाम हुने सामानको स्थलगत निरीक्षण गरी बोलपत्र पेश गरेको मानिने हुँदा पछि बोलपत्रदाताले यस सम्बन्धमा कुनै पनि प्रकारको अनभिज्ञता प्रकट गर्न पाउने छैन । |
| **५. बोलपत्रसम्बन्धी कागजातका अङ्गहरू (Content of Bidding Documents)** | ५.१ बोलपत्रसम्बन्धी कागजातमा निम्न कागजातहरू समावेश गरिएका छन्:<br><br>खण्ड १ : बोलपत्रदातालाई निर्देशन<br><br>खण्ड २ : ग्राह्यतासम्बन्धी सर्तहरू |

| | |
|---|---|
| | खण्ड ३ : बोलपत्रसम्बन्धी फारामहरू<br>खण्ड ४ : मूल्य परिमाण सूचीको प्रस्तावना र अन्य सर्तहरू तथा मूल्य परिमाण सूची (Bill of Quantities)<br>खण्ड ५ : निवेदन (हरू) को ढाँचा |
| **६. स्पष्टीकरण (Clarification)** | ६.१ बोलपत्रसम्बन्धी कागजातमा उल्लेख भएका कुनै विषयमा स्पष्ट हुन चाहने इच्छुक बोलपत्रदाताले बोलपत्र पेश गर्नुपर्ने अन्तिम मितिभन्दा पाँच दिन अगावै लिलामकर्ताबाट स्पष्टीकरण प्राप्त गर्न सक्नेछ । |
| **७. बोलपत्रको भाषा (Language of Bid)** | ७.१ बोलपत्रसँग सम्बन्धित सम्पूर्ण कागजातहरू अंग्रेजी/नेपाली वा दुवै भाषामा हुन सक्नेछन् । |
| **८. बोलपत्र सम्बन्धी कागजातहरू (Documents Comprising Bid)** | ८.१ बोलपत्रदाताले पेश गर्ने बोलपत्रमा निम्न कागजातहरू रहनेछन्:<br>• लिलामकर्ताबाट खरिद गरिएका सक्कल बोलपत्रमा कबोल अङ्क भरेको कागजात र बोलपत्र फाराम,<br>• कानूनी ग्राह्यतासम्बन्धी कागजातहरू,<br>• बोलपत्र जमानत, र<br>• अन्य आवश्यक कागजातहरू |
| **९. बोलपत्रमा अङ्कित दररेट (Bid Prices)** | ९.१ बोलपत्रदाताले पेश गरेको मूल्य अङ्कित परिमाण सूचीको आधारमा लिलाम गरिने सम्पूर्ण सामानहरूको निमित्त हुनेछ। बोलपत्रदाताले मूल्य परिमाण सूचीमा रहेका सबै आइटमहरूमा आ-आफ्नो दररेट भर्नुपर्नेछ र सबै दर नेपाली रूपैंयामा हुनुपर्नेछ। बोलपत्रदाताले कुनै सानातिना छुट गरेमा वा कुनै सानातिना आइटमको दर (Rate) उल्लेख गर्न छुटाएमा (बोलपत्रमा Minor Omissions or Missing Items भएको अवस्थामा) , त्यस्तो बोलपत्रको उक्त Item को दर (Rate) सहभागी अन्य बोलपत्रदाताले उक्त item को लागि कबोल गरेको दर (Rate) को औसत बराबर मानिनेछ \| यदी एकमात्र बोलपत्रदाता सहभागी भएमा र निजले दर (Rate) उल्लेख गर्न छुटाएको Item को हकमा ने.वि.प्रा को स्वीकृत लागत अनुमानमा भएको उक्त item को दर (Rate) लाई नै कायम गरिनेछ। सानातिना छुटको मूल्य बोलपत्रदाताको कबोल अंकको पन्ध्र प्रतिशत भन्दा बढी भएमा त्यस्तो बोलपत्र सारभुत रुपमा अप्रभावग्राही भएको मानिनेछ र त्यस्तो बोलपत्रलाई मूल्यांकनमा समावेश गरिने छैन।<br>९.२ लिलामी सामानहरू संकलन गर्ने, उठाउने, ढुवानी गर्ने, जोख्ने (तौल लिने), सोको सुरक्षा, बिमा, करहरू लगायत सबै प्रकारका खर्च, जोखिम, दायित्व र सबै प्रत्यक्ष र अप्रत्यक्ष उत्तरदायित्वहरू लिलाम सकार गर्ने बोलपत्रदातामा नै हुनेछ। |
| **१०. बोलपत्र जमानत (Bid Security)** | १०.१ बोलपत्रदाताले बोलपत्रका साथ **कबोल अंकको कम्तिमा दस प्रतिसत** रकम बराबरको बैंक जमानत अनिवार्य रूपमा पेश गर्नुपर्नेछ<br>१०.२ बोलपत्रदाताको इच्छा अनुसार बोलपत्र जमानत देहायबमोजिम पेश गर्न सकिनेछ:<br>क. नेपाल राष्ट्र बैंकबाट "क" वर्गको ईजाजत प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको नि:शर्त बैंक |

| | |
|---|---|
| | जमानत, वा<br>ख. ने.वि.प्रा. उत्पादन निर्देशनालयको, Nepal Electricity Authority, Generation को नाउँमा रहेको Nabil Bank Limited, Teen Dhara Branch, Kathmandu, Nepal **स्थित खाता नं** 00201017505714 मा **कबोल अंकको कम्तिमा दस प्रतिसत** रकम दाखिला भएको सक्कल भौचर,<br>बैंक जमानतको हकमा खण्ड ३ (बोलपत्र फाराम) मा उल्लेख गरिएको वा लिलामकर्तालाई मान्य हुने अरु कुनै ढाँचामा समेत पेश गर्न सकिनेछ। त्यस्तो ढाँचामा बोलपत्रदाताको पूरा नाम अनिवार्य उल्लेख भएको हुनुपर्नेछ। बोलपत्र जमानतको मान्य अवधि बोलपत्र दर्ता गर्ने अन्तिम दिनपछि कम्तीमा १५० (एक सय पचास) दिनको हुनुपर्नेछ।<br>१०.३ सारभूतरूपमा मान्य र स्वीकार्य जमानत समावेश नभएका बोलपत्र लिलामकर्ताले प्रभावग्राही नहुने ठहर गरी अस्वीकार गर्नेछ।<br>१०.४ देहायको अवस्थामा बोलपत्र जमानत जफत हुनेछः<br>(क) बोलपत्रदाताले बोलपत्र जमानतको मान्य अवधिभित्र बोलपत्र फिर्ता लिन वा संशोधन गर्न निवेदन पेश गरेमा,<br>(ख) लिलामकर्ताले माग गरे अनुसार कुनै सूचना वा जानकारी उपलब्ध गराउने सिलसिलामा बोलपत्रमा उल्लेख भएको मूल्य वा अन्य सारभूत कुरा परिवर्तन गरेमा,<br>(ग) बोलपत्रदाता निम्न सर्त पुरा गर्न असफल भएमाः<br>१) बोलपत्रदातालाई निर्देशनको उपदफा १९.१ बमोजिम सच्याइएको अङ्कगणितीय त्रुटि स्वीकार गर्न, वा<br>२) लिलामकर्ताले बोलपत्र सम्बन्धमा सोधेको प्रश्नको जवाफ तोकिएको मिति र समय भित्र उपलब्ध गराउन, वा<br>३) उपदफा २०.२ बमोजिम तोकिएको म्यादभित्र आफूले कबोल गरेको पूरा रकम बुझाउन, वा<br>४) कबोल गरेको पूरा रकम बुझाई काबू बाहिरको परिस्थिति उत्पन्न भएमा बाहेक तोकिएको समयभित्र सम्पूर्ण सामान उठाउन। |
| **११. बोलपत्रको ढाँचा र हस्ताक्षर (Format and Signing of Bid)** | ११.१ बोलपत्र टाइप गरिएको वा नमेटिने मसीले लेखिएको र अधिकार प्राप्त व्यक्तिले हस्ताक्षर गरेको हुनुपर्नेछ। कुनै थपघट, फेरबदल, केरमेट गरिएको वा सच्याइएको स्थानमा सोही व्यक्तिले हस्ताक्षर गरेको हुनुपर्नेछ। |
| **१२. बोलपत्र सिलबन्दी तथा मार्किङ (Sealing and Marking of Bid)** | वोलपत्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाईट www.bolpatra.gov.np/egp मार्फत e-bidding माध्यमबाट मात्र पेश गर्नुपर्नेछ। |
| **१३. बोलपत्र पेश गर्ने अन्तिम मिति र समय** | १३.१ बोलपत्रदाताले बोलपत्र फाराम मिति २०८२/१०/२० भित्र (सो दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन) दिउँसो १२:०० बजे भित्रमा सार्वजनिक खरिद अनुगमन |

| | |
|---|---|
| **(Deadline for Submission of Bid)** | कार्यालयको वेवसाईट www.bolpatra.gov.np/egp मा अपलोड (दर्ता) गर्नुपर्नेछ। वोलपत्र e-bidding माध्यमबाट मात्र पेश गर्नुपर्नेछ। |
| **१४. ढिलो गरी प्राप्त बोलपत्र (Late Bid)** | १४.१ सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाईट www.bolpatra.gov.np/egp मा भएको व्यवस्था अनुरुप हुनेछ। |
| **१५. संशोधन वा फिर्ता (Modification or Withdrawl)** | १५.१ सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाईट www.bolpatra.gov.np/egp मा भएको व्यवस्था अनुरुप हुनेछ। |
| **१६. बोलपत्र खोल्ने (Bid Opening)** | १६.१ लिलामकर्ताले प्राप्त बोलपत्रहरू निम्न स्थान, मिति र समयमा उपस्थित हुन चाहने बोलपत्रदाता वा निजका आधिकारिक प्रतिनिधिहरूको रोहवरमा खोल्नुपर्नेछ। तर बोलपत्रदाता वा निजका प्रतिनिधिहरू उपस्थित नभए तापनि बोलपत्र खोल्न बाधा पर्ने छैन। एक बोलपत्रदाताको एकजना मात्र प्रतिनिधिलाई उपस्थितिको लागि अनुमति दिन सकिनेछ र त्यस्तो प्रतिनिधि आफ्नो परिचयपत्र र/वा आधिकारिक पत्रसहित आउनुपर्नेछ। लिलामकर्ताले बोलपत्र खोली सबै विवरणसहितको मुचुल्का तयार गरी उपस्थित बोलपत्रदाता वा निजको प्रतिनिधिको हस्ताक्षर गराई सोको प्रतिलिपि निजहरूलाई उपलब्ध गराउनुपर्नेछ।<br><br>**बोलपत्र खोलिने मिति र समय**:- २०८२/१०/२० , १४:०० **बजे**<br><br>**ठेगाना**<br><br>• **नेपाल विद्युत प्राधिकरण, उत्पादन निर्देशनालय, मझौला उत्पादन संचालन तथा संभार विभाग**<br>**ठेगाना:- दरबारमार्ग, काठमाडौं, नेपाल**<br>**टेलिफोन नं:- 01-4153017**<br>**इमेल:- medium.gen@nea.org.np** |
| **१७. गोपनीयता (Process to be Confidential)** | १७.१ सफल बोलपत्रदातालाई बोलपत्र स्वीकृत गर्ने सूचना नदिएसम्म बोलपत्रदाता वा आधिकारिक रूपमा मूल्याङ्कन प्रक्रियामा संलग्न नभएका अन्य कुनै पनि व्यक्तिलाई बोलपत्रको परीक्षण, मूल्याङ्कन, तुलना र बोलपत्र स्वीकृतिको सिफारिससम्बन्धी कुनै जानकारी दिइने छैन। बोलपत्रदाताले कुनै पनि किसिमले लिलामकर्तालाई बोलपत्रको परीक्षण, मूल्याङ्कन, तुलना र बोलपत्र स्वीकृत गर्ने निर्णय प्रक्रियामा प्रभाव पार्ने प्रयास गरेमा त्यस्तो बोलपत्रदाताको बोलपत्र रद्द हुन सक्नेछ। |
| **१८. बोलपत्रको परीक्षण (Examination of Bids)** | १८.१ बोलपत्रको विस्तृत मूल्याङ्कन गर्नु अघि लिलामकर्ताले प्रत्येक बोलपत्र देहायबमोजिम भए नभएको निश्चित गरिनेछ:<br><br>(क) खण्ड २ को ग्राह्यताका सर्तहरूमा उल्लेख भए अनुसारका सर्तहरू पूरा गरे नगरेको,<br><br>(ख) बोलपत्रमा आधिकारिक व्यक्तिको दस्तखत भए नभएको,<br><br>(ग) बोलपत्रको साथ आवश्यक बैंक जमानत समावेश भए नभएको, र<br><br>(घ) बोलपत्रसम्बन्धी कागजातमा उल्लेख भए अनुसार प्रभावग्राही भए नभएको। |

| | |
|---|---|
| **१९. बोलपत्रको मूल्याङ्कन र तुलना (Evaluation and Comparison of Bids)** | १९.१ उपदफा १३.१ र १६.१ अनुसार क्रमश: दाखिला र खोलिएका बोलपत्रहरूलाई बोलपत्र मूल्याङ्कनमा समावेश गरिनेछ । लिलामकर्ताले बोलपत्रमा भएका त्रुटीहरू सच्याई मूल्याङ्कित कबोल अङ्क तय गर्नेछ । लिलामकर्ताले बोलपत्रमा अङ्कगणितीय त्रुटि रहे नरहेको परीक्षण गर्नेछ र त्रुटि रहेको पाइएमा निम्न अनुसार सच्याउनेछः<br>(क) इकाइ दर र इकाइ दरले परिमाणलाई गुणन गर्दा हुने कुल रकममा फरक परेमा इकाइ दरलाई मान्यता दिई कुल रकमलाई सच्याइनेछ ।<br>(ख) यदि बोलपत्रको मूल्य परिमाण सूची (Bill of Quantities) को कबोल रकम र बोलपत्र फारामको (क्रम संख्या (ग)) अनुसारको कबोल रकममा फरक भएमा मूल्य अङ्कित परिमाण सूची (Priced Bill of Quantities) मा भएको रकमलाई मान्यता दिई बोलपत्र फारामको (क्रम संख्या (ग)) मा भएको कबोल रकमलाई सच्याइनेछ ।<br>(ग) अङ्क गणितीय त्रुटि सच्याइएको रकमसँग सम्वन्धित अक्षर बाहेकको हकमा माथि उल्लिखित (क) र (ख) को अधीनमा रही अङ्क र अक्षरमा लेखिएको रकममा फरक पाइएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।<br>(घ) बोलपत्रदाताले मूल्य परिमाण सूचीमा रहेका सबै आइटमहरूमा आ-आफ्नो दररेट भर्नुपर्नेछ र सबै दर नेपाली रूपैंयामा हुनुपर्नेछ । बोलपत्रदाताले कुनै सानातिना छुट गरेमा वा कुनै सानातिना आइटमको दर (Rate) उल्लेख गर्न छुटाएमा (बोलपत्रमा Minor Omissions or Missing Items भएको अवस्थामा) , त्यस्तो बोलपत्रको उक्त Item को दर (Rate) सहभागी अन्य बोलपत्रदाताले उक्त item को लागि कबोल गरेको दर (Rate) को औसत बराबर मानिनेछ \| यदी एकमात्र बोलपत्रदाता सहभागी भएमा र निजले दर (Rate) उल्लेख गर्न छुटाएको Item को हकमा ने.वि.प्रा को स्वीकृत लागत अनुमानमा भएको उक्त item को दर (Rate) लाई नै कायम गरिनेछ । सानातिना छुटको मूल्य बोलपत्रदाताको कबोल अंकको पन्ध्र प्रतिशत भन्दा बढी भएमा त्यस्तो बोलपत्र सारभुत रुपमा अप्रभावग्राही भएको मानिनेछ र त्यस्तो बोलपत्रलाई मूल्यांकनमा समावेश गरिने छैन ।<br>१९.२ अधिकतम मूल्याङ्कित बोलपत्रदाताले अङ्क गणितीय त्रुटि सच्याइएको स्वीकार नगरेमा निजले पेश गरेको बोलपत्र प्रभावग्राही हुने छैन र बोलपत्र जमानत जफत गरिनेछ । |
| **२०. बोलपत्र स्वीकृति, र रकम जम्मा गर्नुपर्ने तथा बोलपत्र जमानत फिर्तासम्बन्धी** | २०.१ लिलामकर्ताको न्यूनतम मूल्यभन्दा बढी मूल्य कबोल गर्नेहरूमध्ये सबैभन्दा बढी मूल्य कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिनेछ ।<br>२०.२ बोलपत्र स्वीकृत भइसकेपछि सम्बन्धित बोलपत्रदातालाई निजको बोलपत्र स्वीकृत भएको सूचना तुरुन्त दिइनेछ । सूचना प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफूले कबोल गरेको सम्पूर्ण रकम ने.वि.प्रा. उत्पादन निर्देशनालयको, Nepal Electricity Authority, Generation को नाउँमा रहेको **Nabil Bank Limited, Teen Dhara Branch, Kathmandu, Nepal** स्थित खाता नं **00201017505714** मा नगद जम्मा गरेको सक्कल बैंक भौचरसाथ सामान उठाई लैजान पाऊँ भनी बोलपत्रसम्बन्धी कागजातको खण्ड ५ मा संलग्न ढाँचामा निवेदन दिनु पर्नेछ । |

| | | |
|---|---|---|
| | २०.३ | उपदफा २०.२ बमोजिम तोकिएको म्यादभित्र आफूले कबोल गरेको पूरा रकम नबुझाएमा वा त्यस्तो रकम बुझाई तोकिएको समयभित्र सम्पूर्ण सामान नउठाएमा निजले राखेको धरौटी जफत गरी त्यसपछि घटी कबोल भएको क्रमश: दोस्रो, तेस्रो वा चौथो घटीवालाको कबोल अङ्क स्वीकृत गर्न सकिनेछ। |
| | २०.४ | उपदफा २०.२ बमोजिम तोकिएको म्यादभित्र आफूले कबोल गरेको पूरा रकम बुझाई सामान उठाई लैजान पाऊँ भनी लिलाम सकार गर्ने बोलपत्रदाताले निवेदन दिई सामान उठाउन प्रारम्भ गरेपछि अन्य बोलपत्रदाताहरूको जमानत रकम वा बैंक जमानत फिर्ता दिइनेछ। |
| | २०.५ | लिलाम सकार गर्ने बोलपत्रदाताले सम्पूर्ण सामानहरू उठाइलगेपछि तथा लिलामकर्तासँग सबै हिसाब फरफारक गरेपछि मात्र निजको जमानत रकम वा बैंक जमानत फिर्ता दिइनेछ। |
| **२१. लिलामकर्ताको स्वीकार वा अस्वीकार गर्ने अधिकार (Auctioneer's Right to Accept or Reject)** | २१.१ | बोलपत्र स्वीकृत हुनुअघि कुनै पनि समयमा कारण खुलाई वा नखुलाई कुनै पनि बोलपत्र स्वीकार वा अस्वीकार गर्ने वा बोलपत्रको प्रक्रिया रद्द गर्ने वा सम्पूर्ण बोलपत्र अस्वीकार गर्ने अधिकार लिलामकर्तामा निहित रहनेछ। यसरी रद्द वा अस्वीकार गरेको कारणले बोलपत्रदाताप्रति लिलामकर्ताको कुनै दायित्व सिर्जना हुने छैन। |
| **२२. बोलपत्र अस्वीकृत हुने अवस्था** | २२.१ | यस खण्ड १ का विभिन्न दफा/उपदफाहरूमा उल्लेख भएका हकमा सोहीबमोजिम, अन्यथा साधारणतया: तपसिलका अवस्थामा बोलपत्र अस्वीकृत हुनेछ:<br>• कार्यालयबाट खरिद गरिएका सक्कल बोलपत्र दाखिला नगरेमा,<br>• बोलपत्र खरिद र दाखिला गर्ने व्यक्ति वा फर्म एउटै नभएमा,<br>• माग अनुसारको जमानत रकम वा बैंक जमानत बोलपत्रसाथ संलग्न नभएमा,<br>• व्यक्तिको हकमा प्यान (PAN) दर्ताको प्रमाण पत्र र अन्यको हकमा अद्यावधिक फर्म/व्यवसाय/कम्पनी दर्ता, मूल्य अभिवृद्धि कर दर्ता, कर चुक्ता प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपिहरू संलग्न नभएमा,<br>• बोलपत्र फाराम र सोसाथ संलग्न परिमाणको मूल्य सूची तथा निर्दिष्ट ठाउँमा बोलपत्रदाताको सही र छाप नभएमा,<br>• बोलपत्र भर्नुपर्ने बाहेक अन्य कुराको कैफियत भएमा, परिमाण मूल्य सच्चाइएको ठाउँमा बोलपत्रदाताको सही नभएमा वा अन्य कुनै सर्त राखेमा,<br>• मूल्य परिमाण सूचीमा रहेका सबै आइटमहरूमा दर नभरेमा,<br>• एक व्यक्ति, फर्म, संस्था वा कम्पनी (बोलपत्रदाता) ले एकल वा संयुक्त उपक्रमको रूपमा एकभन्दा बढी बोलपत्र दाखिला गरेमा (कुनै बोलपत्रदाताले एक प्याकेजमा दुवै कार्यालयमा बोलपत्र दर्ता गरेमा समेत), वा<br>• तार वा हुलाकबाट बोलपत्र प्राप्त हुन आएमा। |

| | |
|---|---|
| **२३. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र सो अन्तर्गत बनेको नियमावली तथा ने. वि. प्रा को आर्थिक प्रशासन विनियमावलीका प्रावधान लागू हुने ।** | २३.१ यस कागजातमा उल्लेख नभएका प्रावधान आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र सो अन्तर्गत बनेको नियमावली तथा ने.वि.प्रा आर्थिक प्रशासन विनियमावली, २०६८ (संशोधनसहित) बमोजिम हुनेछ । |

# ग्राह्यतासम्बन्धी सर्तहरू

## ग्राह्यताको लागि आवश्यकताहरू

सबै बोलपत्रदाताहरूले ग्राह्यताको लागि पूर्व-आवश्यकताको रूपमा देहायका कागजातहरू पेश गर्नुपर्नेछः

१. **व्यक्तिको हकमा**

(क) प्यान (PAN) दर्ता प्रमाणपत्रः (प्रतिलिपि पेश गर्नुहोस्)

(ख) संयुक्त उपक्रम भए सोको सम्झौता: (प्रतिलिपि पेश गर्नुहोस्)

(ग) अख्तियारीनामाः (प्रतिलिपि पेश गर्नुहोस्)

(घ) बोलपत्र फाराम (लिलामकर्ताबाट खरिद गरिएका सक्कल बोलपत्रमा कबोल अङ्कहरू समेत भरी): (पेश गर्नुहोस्)

(ङ) संयुक्त उपक्रम भए सोको सम्झौता: (प्रतिलिपि पेश गर्नुहोस्)

(च) थप कागजातहरू: (आवश्यक भएमा राख्नुहोस्)

२. **फर्म, संस्था वा कम्पनीको हकमा**

(क) फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणपत्र: (प्रतिलिपि पेश गर्नुहोस्)

(ख) व्यवसाय दर्ताको प्रमाणपत्रः (प्रतिलिपि पेश गर्नुहोस्)

(ग) मूल्य अभिवृद्धि कर (मू.अ.क.) दर्ता प्रमाणपत्रः (प्रतिलिपि पेश गर्नुहोस्)

(घ) आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र : (प्रतिलिपि पेश गर्नुहोस्)

(ङ) अख्तियारीनामाः (प्रतिलिपि पेश गर्नुहोस्)

(च) बोलपत्र फाराम (लिलामकर्ताबाट खरिद गरिएका सक्कल बोलपत्रमा कबोल अङ्कहरू समेत भरी): (पेश गर्नुहोस्)

(छ) संयुक्त उपक्रम भए सोको सम्झौता: (प्रतिलिपि पेश गर्नुहोस्)

(ज) थप कागजातहरु (आवश्यक भएमा राख्नुहोस्)

# बोलपत्र फाराम

*[फर्म, संस्था वा कम्पनी भए बोलपत्रदाताले लेटर प्याडमा आफ्नो पूरा नाम र ठेगाना अनिवार्य रूपमा उल्लेख गरी यो बोलपत्र फाराम भर्नुपर्नेछ ।]*

मितिः-.........................

**बोलपत्र आह्वानको नाम:- सुनकोशी जलविद्युत केन्द्रको जिर्ण अवस्थामा रहेका फलामजन्य तथा अन्य टुटफुट/बेकम्मा रहेका कवाडी सामानहरुको लिलाम बिक्री सम्बन्धमा**

**बोलपत्र आह्वानको संकेत नम्बर:- NEA-GEN-2082/83-AUC-01**

श्रीमान् निर्देशकज्यू
ने.वि.प्रा. मझौला उत्पादन संचालन तथा संभार विभाग
दरवारमार्ग, काठमाडौं ।

म/हामी तपसिलमा हस्ताक्षर गर्ने घोषणा गर्दछु/गर्दछौं किः

(क) बोलपत्रसम्बन्धी कागजात मैले/हामीले सम्पूर्ण रूपमा अध्ययन एवं परीक्षण गरेको छु/गरेका छौं र यस कागजातप्रति मेरो/हाम्रो कुनै पनि आग्रह वा पूर्वाग्रह रहेको छैन,

(ख) बोलपत्रसम्बन्धी कागजातमा लेखिएअनुसार सामानहरू लिलाम सकार गर्न म/हामी प्रस्ताव गर्दछु/गर्दछौं,

(ग) हाम्रो कुल कबोल रकम मु.अ.कर सहित

अङ्कमा रु. ................ ... ... ... .......... र

अक्षरमा रु. ........................................................................................ हो ।

(घ) बोलपत्रसम्बन्धी कागजातमा लेखिएबमोजिम बोलपत्रसाथ मैले/हामीले ..........................रकम बराबरको बोलपत्रको बैंक जमानतको सक्कलप्रति वा ने.वि.प्रा. उत्पादन निर्देशनालयको, Nepal Electricity Authority, Generation को नाउँमा रहेको Nabil Bank Limited, Teen Dhara Branch, Kathmandu, Nepal स्थित खाता नं 00201017505714 मा नगद जम्मा गरेको सक्कल भौचर पेश गरेको छु / गरेका छौं । बोलपत्र जमानतको मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम दिनपछि कम्तिमा १५० दिन[1]को हुनेछ । यो हामीलाई बाध्यकारी हुनेछ र यो मान्य अवधि समाप्त हुनुअघिसम्म कुनै पनि समयमा स्वीकार गर्न सकिनेछ ।

(च) मेरो/हाम्रो बोलपत्र स्वीकृत भएको अवस्थामा बोलपत्रसम्बन्धी कागजातमा लेखिएअनुसार सूचना प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र मैले/हामीले कबोल गरेको सम्पूर्ण रकम ने.वि.प्रा. उत्पादन निर्देशनालयको, Nepal Electricity Authority, Generation को नाउँमा रहेको **Nabil Bank Limited, Teen Dhara Branch, Kathmandu, Nepal स्थित खाता नं 00201017505714** मा जम्मा गरेको सक्कल बैंक भौचरसाथ सामान उठाई लैजान पाउँ भनी तोकिएको ढाँचामा निवेदन पेश गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं,

(छ) यो बोलपत्रलगायत त्यस कार्यालयबाट बोलपत्र स्वीकृति भएको सूचना हामी बिचको बन्धनकारी सम्झौता सरह हुनेछन् भन्ने

[1] *बोलपत्रसम्बन्धी कागजातको खण्ड १ [बोलपत्रदातालाई निर्देशन] को उपदफा १०.२ मा बोलपत्रको बैंक जमानतको मान्य अवधि बोलपत्र दर्ता गर्ने अन्तिम दिनपछि कम्तीमा १५० (एक सय पचास) दिनको हुनुपर्नेछ भन्ने व्यवस्था भएको ।*

कुरा हामीलाई जानकारी छ,

(ज) त्यस कार्यालयले अधिकतम मूल्याङ्कित वा त्यस कार्यालयमा पेश हुन आएका अरु कुनै बोलपत्र स्वीकार गर्न बाध्य छैन भन्ने कुरा हामीलाई राम्रोसँग थाहा छ,

(झ) हाम्रो फर्म, संस्था वा कम्पनीतर्फबाट निम्न लिखित व्यक्तिले हाम्रो प्रतिनिधिको रूपमा कार्य गर्नेछ ।

नामः.............................................

पदः.............................................

हस्ताक्षरः..............................

बोलपत्रमा हस्ताक्षर गर्न अधिकार प्राप्त व्यक्ति....

मितिः .......................................

## बोलपत्र जमानत

*[नेपाल राष्ट्र बैंकबाट "क" श्रेणीको इजाजत प्राप्त वाणिज्य बैंकले आफ्नो लेटरप्याडमा यो नमूना अनुसारको बोलपत्र जमानत जारी गर्नुपर्नेछ ।]*

**बोलपत्र जमानत जारी गर्ने बैंकको नाम र कार्यालय वा शाखाको ठेगाना:**

**लाभग्राहीः ने.वि.प्रा. मझौला उत्पादन संचालन तथा संभार विभाग दरवारमार्ग, काठमाडौं ।**

**मितिः ...................................................**

**बोलपत्र जमानत नंः ............................................**

श्री .................................................. (बोलपत्रदाताको नाम लेख्नुहोस्) (यसपछि "बोलपत्रदाता" भनिनेछ) ले **सुनकोशी जलविद्युत केन्द्रको जिर्ण अवस्थामा रहेका फलामजन्य तथा अन्य टुटफुट/बेकम्मा रहेका कवाडी सामानहरुको लिलाम बिक्री सम्बन्धमा** को बोलपत्र आह्वान (बोलपत्र आह्वानको संकेत नं:- **NEA-GEN-2082/83-AUC-01**) अनुसार त्यस कार्यालयमा आफ्नो तर्फबाट बोलपत्र (यसपछि "बोलपत्र" भनिनेछ) पेश गर्ने आशयबारे जानकारी गराउनुभयो ।

बोलपत्रसम्बन्धी कागजातबमोजिम बोलपत्रदाताले पेश गर्ने बोलपत्रसाथ बोलपत्र जमानत पनि पेश गर्न अनिवार्य रहेको व्यहोरा हामीले थाहा पायौं ।

बोलपत्रदाताले हामीलाई अनुरोध गरेकोले हामी .................................................. (बैंकको नाम) तपाई समक्ष जम्मा रकम रु. .................................................. (रकम अङ्क र अक्षर दुवैमा) मा नबढ्ने गरी बोलपत्रदाताले बोलपत्रको सर्त अनुसारको निम्न दायित्व उल्लङ्घन गरेको व्यहोरा खुलाई यस बैंकसमक्ष बोलपत्र जमानत बापतको रकम भुक्तानी दिन लिखित रूपमा माग गर्नुभएमा तपाईंको पहिलो लिखित माग आउनासाथ निःशर्त भुक्तानी दिनेछौं ।

(क) बोलपत्रदाताले बोलपत्र जमानतको मान्य अवधिभित्र बोलपत्र फिर्ता लिन वा संशोधन गर्न निवेदन पेश गरेको, वा

(ख) कुनै सूचना वा जानकारी उपलब्ध गराउने सिलसिलामा बोलपत्रमा उल्लेख भएको मूल्य वा अन्य सारभूत कुरा परिवर्तन गरेको, वा

(ग) बोलपत्रदाताले बोलपत्रसम्बन्धी कागजातबमोजिम पालना गर्नुपर्ने सर्त पालना नगरेको वा उल्लङ्घन गरेको ।

यो जमानत बोलपत्रदातालाई निर्देशनमा उल्लेख भएको बोलपत्र पेश गर्ने अन्तिम मितिपछि .................. (दिन उल्लेख गर्नुहोस्)[2] दिन सम्मका लागि बहाल रहनेछ । बोलपत्र पेश गर्ने अन्तिम मिति लिलामकर्ताले बढाएको अवस्थामा यो जमानत सोही अनुसारको थप अवधिसम्म बहाल रहनेछ र त्यस्तो अवस्थामा बोलपत्र पेश गर्ने अन्तिम मिति लिलामकर्ताले बढाएको जानकारी बैंकले प्राप्त गरिराख्नु पर्नेछैन । यस जमानत बापतको रकम भुक्तानीको माग माथि उल्लेख गरिएको मितिभित्रै बैंकले प्राप्त गरिसकेको हुनुपर्नेछ ।

---

[2] *बोलपत्रसम्बन्धी कागजातको खण्ड १ [बोलपत्रदातालाई निर्देशन] को उपदफा १०.२ मा बोलपत्रको बैंक जमानतको मान्य अवधि बोलपत्र दर्ता गर्ने अन्तिम दिनपछि कम्तीमा १५० (एक सय पचास) दिनको हुनुपर्नेछ भन्ने व्यवस्था भएको ।*

तपाईँको तर्फबाट सूचना नपाएसम्म बोलपत्रदाताले जमानत पत्रको सक्कल पेश गरेको कारणले मात्र यो बैंक जमानत फुकुवा गरिने छैन। यो जमानत अन्तर्राष्ट्रिय चेम्बर अफ कमर्शको युनिफर्म रुल फर डिमाण्ड ग्यारेण्टी प्रकाशन नं ७५८ को नियमको अधिनस्थ हुनेछ।

....बैंकको आधिकारिक व्यक्तिको सही तथा छाप...

## मूल्य परिमाण सूचीको प्रस्तावना र अन्य सर्तहरू

१. मूल्य परिमाण सूचीलाई, बोलपत्रदातालाई निर्देशन र बोलपत्र सम्बन्धी अन्य कागजातहरुको साथमा पढिनु पर्छ ।

२. मूल्य परिमाण सूचीमा दिइएका परिमाणहरू अनुमानित रहेको र बोलपत्र दाखिला गर्नको लागि सबै बोलपत्रदाताको बोलपत्रलाई समान आधार प्राप्त हुन सकोस् भन्ने उद्देश्यले दिइएका हुन् । लिलाम सकार गर्ने बोलपत्रदाताले सामान उठाउने बेलामा तल बुँदा नं. ५ अनुसार वास्तविक रूपमा कायम हुन आउने परिमाण (तौल तथा संख्या) लाई मूल्य अङ्कित परिमाण सूची (Priced Bill of Quantities) मा अङ्कित दरले गुणन गरी कुल रकम हिसाब गरिनेछ । यसरी हिसाब गर्दा कायम हुने रकम खण्ड १ [*बोलपत्रदातालाई निर्देशन*] को उपदफा २०.२ अनुसार जम्मा गरेको रकमभन्दा बढी हुन आउने देखिएमा नपुग रकम बोलपत्रदाताले लिलामकर्ताको बैंक खातामा जम्मा गरेपछि मात्र बाँकी सामानहरू उठाउन पाउनेछ | BOQ बमोजिम Quantity कम देखिएमा सामान उठाई सकेपश्चात कबोल गरेको दररेटमा नै लिलामकर्ताले कम भएको परिमाण बराबरको रकम बोलपत्रदाता कम्पनीलाई फिर्ता गर्नुपर्ने छ |

३. लिलामी सामानहरू संकलन गर्ने, उठाउने, ढुवानी गर्ने, जोख्ने (तौल लिने), सोको सुरक्षा, बिमा, करहरू लगायत सबै प्रकारका खर्च, जोखिम, दायित्व र सबै प्रत्यक्ष र अप्रत्यक्ष उत्तरदायित्वहरू लिलाम सकार गर्ने बोलपत्रदातामा हुनेछ ।

४. मूल्य परिमाण सूचीमा रहेका सबै आइटमहरूमा दर भर्नुपर्नेछ । बोलपत्रदाताले कुनै आइटमको दर उल्लेख नगरेको वा छुटाएको अवस्थामा त्यस्तो बोलपत्रलाई अप्रभावग्राही मानी अस्वीकृत गरिनेछ ।

५. सामानको परिमाण निर्धारण गर्ने विधि

परिमाणको विवरण पत्रमा उल्लिखित सामानहरू उठाउनुअघि लिलाम सकार गर्ने बोलपत्रदाताले लिलामकर्ताले निर्धारण गरेको कार्यविधिअनुसार ती सामानहरूको वैज्ञानिक तरिकाले तौल निर्धारण गर्नुपर्नेछ ।

६. सामान उठाई सक्नुपर्ने अवधि

स्वीकृत भएको बोलपत्रदाताले कबोल गरेको सम्पूर्ण रकम तोकिएको समयावधि भित्रै तोकिएको बैंक खातामा जम्मा गरी खण्ड १ [*बोलपत्रदातालाई निर्देशन*] को उपदफा २०.२ बमोजिम निवेदन दिएपछि लिलामकर्ताले कार्यादेश दिनेछ । सो कार्यादेश दिएको मितिबाट ९० दिनभित्र सम्पूर्ण सामान उठाइसक्नुपर्नेछ । सामान उठाउन समय नपुग भएको अवस्थामा बोलपत्रदाताले लिखित रूपमा उचित कारणसहित निवेदन दिनसक्नेछ । निवेदन उपर जाँचबुँझ गरी लिलामकर्ताले आवश्यकताको आधारमा म्याद थप गर्न सकिनेछ । तोकिएको अवधिभित्र वा म्याद थप भएको अवस्थामा त्यसरी थप भएको अवधिभित्र काबू बाहिरको परिस्थितिबाहेक सम्पूर्ण सामान नउठाएमा बोलपत्र जमानत जफत गरिनेछ । काबू बाहिरको परिस्थिति उत्पन्न भई सामान उठाउन ढिलाइ हुने अवस्था भएमा बोलपत्रदाताले आफ्नै खर्चमा बोलपत्र जमानतको मान्य अवधि बढाउनुपर्नेछ ।

७. काबू बाहिरको परिस्थिति

देहायका अवस्थाहरु मध्ये कुनै वा सबै घटना घटी कुनै पक्षले आफूले पुरा गर्नु पर्ने काम वा दायित्व पुरा गर्न सम्भव नभएको परिस्थितिलाई काबू बाहिरको परिस्थिति मानिनेछ :

(क) दैवी प्रकोप एवं प्राकृतिक विपत्ति (भूकम्प, आगलागी, ज्वालामुखी विष्फोटन, पहिरो, बाढी, आँधीवेहरी, चट्याङ वा अन्य यस्तै कारणले भएको दुर्घटना),

(ख) रेडियोएक्टीभ कन्टामिनेशन (Radioactive Contamination) भएमा,

(ग) कुनै महामारी रोग फैलिएमा,

(घ) लडाई, आन्तरिक विद्रोह, आमहड्ताल, बन्द वा नाकाबन्दी ।

८. मूल्य परिमाण सूचीमा प्रयोग गरिएका संक्षिप्ताक्षर (Abbreviations) र संकेतहरू तल उल्लेख भएबमोजिम हुनेछन्:

संक्षिप्ताक्षर (Abbreviations)

| Abbrev. | Unit / Meaning |
|---|---|
| kg | Kilo Gram |
| no | Number |
| ton | Ton |

# नेपाल विद्युत प्राधिकरण

## उत्पादन निर्देशनालय

## मझौला उत्पादन संचालन तथा संभार विभाग

**दरबारमार्ग, काठमाडौं, नेपाल**

बोलपत्र आह्वानको नाम:- सुनकोशी जलविद्युत केन्द्रको जिर्ण अवस्थामा रहेका फलामजन्य तथा अन्य टुटफुट/बेकम्मा रहेका कवाडी सामानहरुको लिलाम बिक्री सम्बन्धमा

बोलपत्र आह्वानको संकेत नम्बर:- NEA-GEN-2082/83-AUC-01

### मूल्य परिमाण सुची( Bill of Quantities) (सुनकोशी जलविद्युत केन्द्र)

| क्र.सं. | सामानको विवरण | एकाई | अनुमानित परिमाण | न्यूनतम मूल्याङ्कित रकम ईकाई दर (ने.रु.) | दर (ने.रु.) | | रकम (ने.रु.) |
|---|---|---|---|---|---|---|---|
| | | | | | अङ्कमा | अक्षरमा | |
| (1) | (2) | (3) | (4) | | (5) | (6) | (7) |
| १ | Scrap Metal made of Steel structures (mostly mild steel) including round steel bars, pipes, beams, wires, containers, rods, damaged machines, pumps body, vehicle body, etc. | Kgs. | 141,024 | 65 | | | |
| २ | Copper | Kgs. | 5,880 | 1700.65 | | | |
| ३ | Battery | Kgs. | 5,880 | 75.00 | | | |
| ४ | Used Transformer oil | Ltrs. | 20,010 | 76.25 | | | |
| ५ | Used Turbine oil | Ltrs. | 10,000 | 76.25 | | | |
| ६ | Used Tyres of all sizes | Nos. | 105 | 87.50 | | | |
| ७ | Empty oil drum | Nos. | 78 | 700.00 | | | |
| ८ | computer related item | Nos. | 42 | 720.00 | | | |
| ९ | Wood | Kgs. | 1,500 | 10.00 | | | |
| | | | | | | जम्मा | |
| | | | | | | मूल्य अभिवृद्धि कर १३% | |
| | | | | | | कुल जम्मा | |

अक्षरुपी:ने.रु.......................................................................................................................

बोलपत्रदाताको हस्ताक्षर:-

बोलपत्रदाताको नाम:- मिति:.........................

## सामान उठाई लैजाने बारेको निवेदनको ढाँचा

मितिः-..........................

**बोलपत्र आह्वानको नाम:- सुनकोशी जलविद्युत केन्द्रको जिर्ण अवस्थामा रहेका फलामजन्य तथा अन्य टुटफुट/बेकम्मा रहेका कवाडी सामानहरुको लिलाम बिक्री सम्बन्धमा**
**बोलपत्र आह्वानको संकेत नम्बर:- NEA-GEN-2082/83-AUC-01**

विषय:- **लिलाम सामान उठाई लैजाने सम्बन्धमा।**

श्रीमान् निर्देशकज्यू
ने.वि.प्रा. मझौला उत्पादन संचालन तथा संभार विभाग
दरवारमार्ग, काठमाडौं।

महोदय,

हामीले त्यस कार्यालयबाट लिलाम बिक्री हुने सामानहरू हेर्‍यौ र सोसँग सम्बन्धित यसैसाथ संलग्न बोलपत्रमा उल्लेख भएको सामानको मूल्य परिमाण सूची आदि कागजातहरू राम्रोसँग अध्ययन गरी म/हामी तल सहीछाप गर्नेले रु. ...................... (अक्षरेपि ..........................................................) मा बोलपत्रसम्बन्धी कागजातमा उल्लिखित सर्त वा परिमाणको सम्पूर्ण सामानहरू लिलाम बिक्रीको बोलपत्रसम्बन्धी कागजात (संकेत नं. NEA-GEN-2082/83-AUC-01) तथा सो कागजातको खण्ड ४ [*मूल्य परिमाण सूचीको प्रस्तावना र अन्य सर्तहरू*] को दफा ५ मा उल्लिखित 'तौल निर्धारण प्राविधिक समिति' ले निर्धारण गरेको कार्यविधिअनुसार सामानहरूको वैज्ञानिक तरिकाले तौल निर्धारण गरेपछि सामानहरू उठाई लैजान मञ्जुर जनाई यो निवेदन पेश गरेको छु/गरेका छौं। मैले/हामीले कबोल गरेको सम्पूर्ण रकम ने.वि.प्रा. उत्पादन निर्देशनालयको, Nepal Electricity Authority, Generation को नाउँमा रहेको **Nabil Bank Limited, Teen Dhara Branch, Kathmandu, Nepal स्थित खाता नं 00201017505714** मा जम्मा गरेको सक्कल बैंक भौचर यसैसाथ संलग्न गरेको छु/गरेका छौं।

**निवेदक**

व्यक्तिको हकमा
हस्ताक्षर:
पुरा नाम:
स्थायी ठेगाना:
हालको ठेगाना:
फोन नम्बर:
पत्राचारको ठेगाना (फो.नं. सहित) र इमेल:
मिति:

फर्म, संस्था वा कम्पनीको हकमा
आधिकारिक प्रतिनिधिको
हस्ताक्षर:
पुरा नाम:
स्थायी ठेगाना:
हालको ठेगाना:
फोन नम्बर:
मिति:

**फारम (क)**

# नेपाल विद्युत प्राधिकरण

**उत्पादन निर्देशनालय**

## मझौला उत्पादन संचालन तथा संभार विभाग

**दरबारमार्ग, काठमाडौं, नेपाल**

## सामानहरूको गणना वा तौल गरेको रेकर्ड

**बोलपत्र आह्वानको नाम:- सुनकोशी जलविद्युत केन्द्रको जिर्ण अवस्थामा रहेका फलामजन्य तथा अन्य टुटफुट/बेकम्मा रहेका कवाडी सामानहरुको लिलाम बिक्री सम्बन्धमा**

**बोलपत्र आह्वानको संकेत नम्बर:- NEA-GEN-2082/83-AUC-01**

**मिति:२०८२/......./........ समय:................... तौल गरेको स्थान:.........................................................**

### सामानहरूको गणना वा तौल गरेको परिमाण (शारम्स) (सुनकोशी जलविद्युत केन्द्र)

| आ.न. | सामानको विवरण | एकाई | जम्मा परिमाण |
|---|---|---|---|
| १ | Scrap Metal made of Steel structures (mostly mild steel) including round steel bars, pipes, beams, wires, containers, rods, damaged machines, pumps body, vehicle body, etc. | Kgs. | |
| २ | Copper | Kgs. | |
| ३ | Battery | Kgs. | |
| ४ | Transformer oil | ltrs. | |
| ५ | Turbine oil | ltrs. | |
| ६ | Used Tyres of all sizes | Nos. | |
| ७ | Empty oil drum | Nos. | |
| ८ | computer related item | Nos. | |
| ९ | Wood | Kgs. | |

### सामानहरूको गणना वा तौल गरेको पररमाण (बिस्तृत)

| आ.न. | सामानको विवरण | एकाई | परिमाण |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**हस्ताक्षर:** **मिति:२०८२/......../...........**

| लिलामकर्ताको तौल निर्धारण प्राबिधिक समितिको तर्फकोबाट | लिलाम सकारबोल्पत्रदताको तर्फबाट |
|---|---|
| नाम:-…………………………......... | नाम:-………………………………… |
| हस्ताक्षर:-……………………….... | हस्ताक्षर:-………………………...... |
| **अन्य साक्षीको तर्फबाट** | **अन्य साक्षीको तर्फबाट** |
| नाम:-……………………............ | नाम:-……………………............... |
| हस्ताक्षर:-……………………...... | हस्ताक्षर:-……………………......... |
| पद:-................................................ | पद:-.................................................... |
| कार्यालय:-......................................... | कार्यालय:-............................................ |

ढुवानी गर्ने चालकको नाम:-.................................................................... गाडी नं.:-.....................................

कैफियत:- हरेक Consignment अर्थात् लोड गरिएको हरेक ट्रकको हकमा यो फाराम भर्ने। एक पानामा नअटाएमा थप अरु पानामा भर्नुपर्ने।

आ.नं. = आइटम नम्बर।

# सामानहरूको परिमाण निर्धारण गर्ने कार्यविधि

*(लिलाम बिक्रीको बोलपत्रसम्बन्धी कागजातको खण्ड ४ को बुँदा नं. ५ अनुसार लिलामकर्ताले निर्धारण गरेको कार्यविधि)*

१. लिलाम गरिएका सम्पूर्ण सामानहरू (Scrap Materials) को परिमाण (Quantity) को गणना वा तौल नगरी ढुवानी गर्ने सवारी साधन (ट्रक, ट्रेलर आदि) मा चढाउन पाइने छैन तथा तोकिएको फाराममा विवरण नभरी र हस्ताक्षर नगरी आयोजनास्थलबाहिर जान दिइने छैन । लिलाम सकार गर्ने बोलपत्रदाताले सामानहरू भेला गरी जोख्ने (तौल गर्ने) र चढाउने कार्यमा आफ्ना उपकरण तथा कामदारहरू खटाउनु पर्नेछ । सामान जोख्ने मेशिनको व्यवस्था बोलपत्रदाताले गर्नेछ । तर सो जोख्ने मेशिनको Calibration लिलामकर्ताको रहोवरमा  लिलाम सकार गर्ने बोलपत्रदाताले गर्नुपर्ने छ । सो कार्यमा लाग्ने सम्पूर्ण खर्च (लिलामकर्ताले खटाएको कर्मचारीले पाउने दैनिक भ्रमण भत्ता बाहेक) लिलाम सकार गर्ने बोलपत्रदाताले व्यहोर्नुपर्ने छ । सामानहरू तौल गर्ने (जोख्ने) क्रममा सो मेशिनले ठिक मापन गरे/नगरेको Verification को लागी लिलामकर्ता/लिलाम सकार गर्ने बोलपत्रदाता दुवै पक्षको रहोवरमा Scaled Weights/Calibration Weights for Balance Scales ले Verification गरि सो कार्यको मुचुल्का राख्नुपर्नेछ ।

२. लिलाम सकार गर्ने बोलपत्रदाताले सवारी साधनमा सामानहरू उठाउनु अघि तौल निर्धारण प्राविधिक समितिको प्रतिनिधि (हरू) को उपस्थितिमा लिलाम गरिएका सामानहरूको गणना वा तौल गरी सोको रेकर्ड प्याकेज १ को लागि फाराम (क) र प्याकेज २ को लागि फाराम (ख) मा भर्नुपर्नेछ । सो फाराममा दुवै पक्ष (लिलामकर्ताको तौल निर्धारण प्राविधिक समिति र लिलाम सकार गर्ने बोलपत्रदाता) का प्रतिनिधिहरूले हस्ताक्षर गर्नुपर्नेछ तथा आवश्यकता अनुसार लिलामकर्ताको अन्य कर्मचारी वा सुरक्षा निकाय वा अन्य सरकारी कार्यालयका कर्मचारीहरूले समेत साक्षीको रूपमा हस्ताक्षर गर्न सक्नेछन् । साथै, सो फाराममा सवारी साधनको नम्बर र सवारी चालकको नाम अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ ।

३. सामानहरू तौल गर्ने (जोख्ने) मेशिन (Weighing Scale/Machine) Bench वा Lifting/Hanging मध्ये कुनै एक प्रकारको वा दुवै हुनसक्नेछ । उक्त मेशिनको जोख्ने अधिकतम क्षमता १० टन सम्मको  हुनेछ ।

४. मझौला सामानहरू (जस्तै: पुराना ट्रक, मझौला प्लाण्ट र उपकरण, लामा पाइप आदि) लाई तौलन योग्य हुने गरी आवश्यकता अनुसार साना साना टुक्राहरू पारी तौल गर्ने कार्य लिलाम सकार गर्ने बोलपत्रदाताले गर्नु पर्नेछ । कुनै प्राविधिक कारणले त्यस्ता सामानहरू टुक्रा पार्न नसकिएमा वा तौल गर्न सम्भव नभएमा त्यस्ता सामानहरू ढुवानी गर्ने सवारी साधनमा राखेपछि ती सामानहरू देखिने गरी फोटो खिची सोको रेकर्डसहित मुचुल्का बनाई फाराम (क) वा (ख) सँगै संलग्न गर्नुपर्नेछ । त्यसपश्चात् लिलामकर्तालाई मान्य हुने कुनै स्थानको धर्मकाँटामा पुऱ्याई लिलामकर्ताको प्रतिनिधिहरूको समेत उपस्थितिमा तौल गरी सोमा खाली (रित्तो) सवारी साधनहरूको तौल कटाई ती सामानहरूको खुद तौल निर्धारण गर्नुपर्नेछ । तर उपर्युक्त सामानहरू ढुवानी गर्न पठाइने सवारी साधनहरूको खाली (रित्तो) अवस्थामा लिलामकर्ताहरूको रोहबरमा आयोजनास्थल पठाउनुअघि तौल गरेको हुनुपर्नेछ । त्यस्तै, त्यसरी तौल गर्नुपर्दा लिलामकर्तालाई कम्तीमा ३ दिनको अग्रिम जानकारी गराउनुपर्नेछ र लिलामकर्ताको खर्चहरू बाहेकका सबै खर्चहरू लिलाम सकार गर्ने बोलपत्रदाताले नै व्यहोर्नुपर्नेछ ।

५. बुँदा नं. ४ बमोजिम सामानहरू अन्यत्र तौल गर्ने गरी लगिएका सवारी साधनहरू (ट्रक वा ट्रेलर आदि) लिलाम सकार गर्ने बोलपत्रदाताले तौल नगरेको अवस्थामा मा वा ढुवानीको क्रममा सो सवारी साधनबाट कुनै सामानहरू हराएमा सो को जिम्मेवारी बोलपत्रदाता स्वयम् नै हुनेछ |

६. गणना वा तौल गरी लिलाम बिक्री गरिएका सामानहरूको परिमाण निर्धारण गर्ने सिलसिलामा कुनै विवाद उत्पन्न भएमा आपसी छलफलबाट समाधान गरिनेछ र समाधान नहुञ्जेलसम्म सामान उठाउन पाइने छैन।